बैठक संख्या - १८

आज मिति २०८३ साल असार महिनाको ४ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउपालिका गाउँ कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | उपाध्यक्ष | श्री शारदा कुमारी चौधरी | |
| ३ | कार्यपालिका सदस्य | श्री भक्तु चौधरी | |
| ४ | कार्यपालिका सदस्य | श्री तुलसीराम अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री बिर बहादुर आले मगर | |
| ६ | कार्यपालिका सदस्य | श्री लेख बहादुर थापा | |
| ७ | कार्यपालिका सदस्य | श्री राहुलदेव चौधरी | |
| ८ | कार्यपालिका सदस्य | श्री हरिभगत चौधरी | |
| ९ | कार्यपालिका सदस्य | श्री बाबुराम अधिकारी | |
| १० | कार्यपालिका सदस्य | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | कार्यपालिका सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | कार्यपालिका सदस्य | श्री मिना पुन | |
| १३ | कार्यपालिका सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | कार्यपालिका सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | कार्यपालिका सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

१. श्री फुलनदेवी चौधरी

२. श्री सुरेश पौडेल

सहयोगी

१. भरत के.सी. - प्र. प्रशासकीय अधिकृत

२. कृष्ण प्रसाद पौडेल - प्र. आलेप अधिकृत

३. सुशिला चौधरी - क.स. सुशिला

## बैठक संख्या -१९

**मिति २०८३/०३/०४ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको १९ औं बैठकका प्रस्तावहरु**

१. कार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. विषयगत समितिको बैठक मार्फत बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँ कार्यपालिका बैठकमा पेश गर्ने सम्बन्धमा ।
४. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
५. पालिकाले खरिद गरेको बस प्रयोग सम्बन्धमा ।
६. प्रोत्साहन सुविधा सम्बन्धमा (डक्टर, सवारी चालक, नगर प्रहरी)।
७. विविध
   क) प्रतिवेन स्वीकृत सम्बन्धमा ।
   ख) ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन ।
   ग) घर/कोठा भाडामा उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा ।
   घ) संक्रमणकालीन न्यायका लागि मनोसामाजिक परामर्श र सामुदायिक एकिकरण कार्यक्रम सम्बन्धमा ।

**मिति २०८३/०३/०४ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

यस गढवा गाउँपालिकाको मिति २०८३/०२/२६ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

गढवा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम गाउँ कार्यपालिकाबाट स्वीकृत गरी आगामी गाउँसभाको १९औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यपालिका अन्तर्गतका विषयगत समितिबाट निर्णय गरी कार्यपालिका बैठकमा पेश गर्न लागि विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

गढवा गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको २०८३ साल श्रावण महिना ०१ गतेदेखि २०८३ साल पौष मसान्तसम्म लागू हुने गरी म्याद थप सम्बन्धमा प्रस्ताव सहित गाउँसभाको १९औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो । यस गढवा गाउँपालिका अन्तर्गतका

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

करार सेवामा कार्यरत कर्मचारी र स्वयम सेवक शिक्षकको तलब वृद्धि गर्ने प्रस्ताव सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

आ.व. ०८१/०८२ मा यस गढवा गाउँपालिका र कर्मा हेल्थसँगको साझेदारीमा जनतालाई सहज, सलुभ र मितव्यायी रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन मोबाइल हस्पिटल कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक पर्ने सवारी साधन खरिद गर्ने निर्णय भई खरिद भएको बसलाई साझेदार संस्थाबाट जनशक्ति व्यवस्थापन नहुन्जेलसम्म पालिका अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको प्रयोग गरी स्वास्थ्य शाखा मार्फत स्वास्थ्य सेवाबाट बञ्चित समुदायलाई लक्षित गरी घुम्ती स्वास्थ्य सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस पालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत डक्टर, सवारी चालक, नगर प्रहरी लगायतका कर्मचारीहरुलाई दिइदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ७

विविध

क) यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण प्रतिवेद,२०८३ र लैङ्गिक उत्तरदायी बजेट विश्लेषण प्रतिवेदन, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

ख) संघीय सरकारबाट हस्तान्तरित (शसर्त अनुदान) ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन कार्यक्रम गढवा गाउँपालिका वडा नं. १ को कुलपानी हरित पार्कमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

ग) यस पालिका अन्तर्गत कार्यरत चिकित्सकहरु लाई आवास उपलब्ध गराउने निर्णय गरियो । सो प्रयोजनका लागि कोठा/घर भाडा लिई उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

घ) संक्रमणकालीन न्यायका लागि मनोसामाजिक परामर्श र सामुदाय एकीकरण कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा निर्णय गरियो।

निर्णय प्रमाणित गरियो।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

बैठक संख्या - २०

आज मिति २०८३ साल असार महिनाको ०८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउपालिका गाउँ कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | उपाध्यक्ष | श्री शारदा कुमारी चौधरी | |
| ३ | कार्यपालिका सदस्य | श्री भक्तु चौधरी | |
| ४ | कार्यपालिका सदस्य | श्री तुलसीराम अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री बिर बहादुर आले मगर | |
| ६ | कार्यपालिका सदस्य | श्री लेख बहादुर थापा | |
| ७ | कार्यपालिका सदस्य | श्री राहुलदेव चौधरी | |
| ८ | कार्यपालिका सदस्य | श्री हरिभगत चौधरी | |
| ९ | कार्यपालिका सदस्य | श्री बाबुराम अधिकारी | |
| १० | कार्यपालिका सदस्य | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | कार्यपालिका सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | कार्यपालिका सदस्य | श्री मिना पुन | |
| १३ | कार्यपालिका सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | कार्यपालिका सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | कार्यपालिका सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

## बैठक संख्या - २०

**मिति २०८३/०३/०८ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको बिसौं बैठकका प्रस्तावहरु**

१. गाउँ कार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. गाउँसभाको १९ अधिवेशनमा पेश गरिने प्रस्ताव सम्बन्धमा ।

क) आ.व. २०८३/०८४ को गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८३ सम्बन्धमा ।

ख) आ.व. २०८३/०८४ को गढवा गाउँपालिकाको विनियोजन विधेयक २०८३ सम्बन्धमा ।

ग) आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

घ) गढवा गाउँपालिकाको न्यायिक समितिको प्रतिवेदन २०८३ सम्बन्धमा ।

३. तपशिलको कार्यविधि स्वीकृति सम्बन्धमा ।

क) बेरुजु फछ्र्यौट कार्यविधि, २०८३ सम्बन्धमा ।

ख) गढवा गाउँपालिका सहकारी विद्यालय स्थापना, अनुमति तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०८३

४. गर्मी विदा सम्बन्धमा ।

५. LOCAL कार्यक्रमको आयोजना तथा कार्यक्रम सम्बन्धमा ।

६. चिसापानी तथा रडसिङ घाटको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

७. गढवा गाउँपालिका वडा नं. ६ स्थित सटर भाडाको सूचना प्रकाशनको लागि समयावधि निर्धारण सम्बन्धमा ।

८. ठेक्का म्याद थप सम्बन्धमा ।

९. विविध विषय सम्बन्धमा ।

क) अस्थायी Ashphalt Plant सञ्चालन सम्बन्धमा

## मिति २०८३/०३/०८ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

**निर्णय नं. १**

यस गढवा गाउँपालिकाको मिति २०८३/०३/०४ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

क) यस गढवा गाउँपालिकाको आ.व. ०८३/०८४ को लागि गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८३ आवश्यक छलफल गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

ख) यस गढवा गाउँपालिकाको आ.व. ०८३/०८४ को लागि गढवा गाउँपालिकाको विनियोजन विधेयक २०८३ आवश्यक छलफल गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

ग) यस गढवा गाउँपालिकाको आ.व. ०८३/०८४ को बजेट, योजना तथा कार्यक्रमको सम्बन्धमा आवश्यक छलफल गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

घ) आ.व. ०८३/०८४ मा हालसम्म न्यायिक समितिबाट सम्पादन गरिएको कार्यहरुको सन्दर्भमा पेश भएको गढवा गाउँपालिकाको न्यायिक समितिको प्रतिवेदन २०८२ गाउँसभाको १९औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

३) निर्णय नं. ३

तपसिल बमोजिमको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

ग) बेरुजु फछ्यौंट कार्यविधि, २०८३ सम्बन्धमा ।
घ) गढवा गाउँपालिका सहकारी विद्यालय स्थापना, अनुमति तथा संचलान सम्वन्धी निर्देशिका, २०८३

निर्णय नं. ४

अत्यधिक गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै तथा विद्यालयमा अध्ययन अध्यापनलाई सुरक्षित र प्रभावकारी बनाउन आवश्यक देखिएकाले गढवा गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालय मिति २०८३ असार ११ र १२ गते गर्मी विदा गर्ने निर्णय गरियो।

निर्णय नं. ५

संघिय सर्शत अनुदानबाट प्राप्त कार्यसम्पादनमा आधारीत स्थानीय जलवायु अनुकुलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project) का लागि रु ३ करोड ५४ लाख बिनियोजन भएकोमा यस गढवा गाउँपालिकामा जलवायु अनुकुल कार्यक्रम कार्यान्वयन गर्न तपशिलका योजनाहरु प्रस्तावको रुपमा लैजाने निर्णय गरियो ।

तपशिलः

१. कालाकाटे र कलौनी लिफ्ट सिंचाई कार्यक्रम वडा नं. १
२. चिमचिमे र सालभौरी खानेपानी आयोजना वडा नं. २
३. सुपैला खोला तटबन्धन वडा नं. ३
४. सुकेदहवा सिमसार संरक्षण कार्यक्रम वडा नं. ४
५. कक्रहवा साँउरी खोलामा बाध तथा कुलो निर्माण वडा नं. ५
६. मनिकापुर सिचाइ कार्यक्रम वडा नं. ६
७. चम्बोला ताल सिमसार संरक्षण कार्यक्रक वडा नं. ७
८. खबरीनाका सिचाइ कार्यक्रम वडा नं. ८

कृष्ण प्रसाद पौड्याल
प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय नं. ६

गढवा गाउँपालिकाको आय ठेक्का व्यवस्थापन अन्तर्गत गढवा १ चिसापानी रङसिङ घाटमा नदिजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्न विद्युतीय बोलपत्र मार्फत सूचना प्रकाशन अधिकतम कबोल गर्ने रिखादेवी निर्माण सेवासँग सम्झौता गरी कार्यान्वयन गर्दा स्थानीय बासिन्दाको अवरोधका कारण काम सूचारु हुन नसकेको भनि निवेदन पशे गरेको र पालिका स्तरीय अनुगमन समितले अनुगमन गरी स्थानीय बासिन्दासँग छलफल गर्दा समेत नदीजन्य पदार्थ उत्खननमा अवरोध गर्ने भनि विरोध गरेकोले उक्त निर्माण व्यावसायीसँग आपसी सहमतिमा ठेक्का सम्झौता रद्द गरिएकोमा सोको समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

गढवा गाउँपालिका वडा नं. ६ स्थित सटर भाडा पाँच(५) वर्षका लागि सूचना आहान गर्ने र प्रत्यके २/२ बर्षमा सटरको भाडा वृद्धि गाउँ कार्यपालिकाको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

तपसिल बमोजिमका योजना/कार्यक्रमको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) मा व्यवस्था भए बमोजिम सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी तपसिल बमोजिम सम्झौता अवधि थप गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजना/कार्यक्रम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति= कायदिश मिति | भौतिक प्रगति | सम्पन्न गर्नु पर्ने मिति | म्याद थप |
|---|---|---|---|---|---|---|
| १ | महदेवा घुस्रा चिमचिमे बाटो कालोपत्रे निर्माण | शर्मा ब्लु हाइट जे.भि. तुलसीपुर १६ दाङ्ग | २०८२/०७/२८ | ७५% | २०८३/३/२० | २०८३ मंसिर मसान्त सम्म |
| २ | कभर्ड हल निर्माण | खड्का निर्माण सेवा गढवा ७ | २०८२/०८/०२ | ७०% | २०८३/३/२० | २०८३ मंसिर मसान्त सम्म |
| ३ | कोइलाबास पार्क निर्माण | के.टि.एम. निर्माण सेवा | २०८३/०१/१६ | १५% | २०८३/०३/१५ | २०८३ मंसिर मसान्त सम्म |

कृष्ण प्रसाद पाड्याल
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय नं. ९ – विविध

क) मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले लमही सडक मर्मत आयोजना कार्यान्वयन जिम्मा पाएको निर्माण व्यवसायी श्री शर्मा कुमार जे.भि.ले सडक कालोपत्रे कार्यका लागि प्रयोग हुने उपकरण Ashphalt Plant गढवा गाउँपालिकाको वडा नं. ३ स्थित श्री सगरमाथा क्रशर उद्योग प्रा.लि. को परिसरमा रहेको जग्गामा सञ्चालनका लागि मिति २०८३/०२/२८ गते पेश भएको निवेदन र वडा नं. ३ को वडा कार्यालयको मिति २०८३/०२/२९ गतेको सिफारिस पत्र साथै मिति २०८३/०२/२८ गते स्थानीय बासीको निर्णय प्राप्त भएकोले उक्त आयोजना प्रयोजनका लागि कानूनको परिधि भित्र रहि अस्थायी Ashphalt Plant सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित गरियो।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष